# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८२ साल असोज २५ गते शनिबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** देहायका कर्मचारीहरुलाई प्रदेश निजामती सेवा पुरस्कार प्रदान गर्ने।

**देहाय:-**

| क.सं. | कर्मचारीको नाम थर | पद | पुरस्कार | कै. |
|---|---|---|---|---|
| १. | श्री याम नारायण देवकोटा (क.स.नं. १७४१४५) | प्रदेश सचिव | उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | प्रदेश निजामती सेवा पुरस्कार छनोट सम्बन्धी मापदण्ड,२०८२ अनुसार पुरस्कृत गर्ने। |
| २. | श्री रविन्द्र अर्याल (क.स.नं. १९०४१३) | वरिष्ठ लेखा अधिकृत | उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | |
| ३. | श्री टोलकराज चापागाई (क.स.नं. २०२९४०) | वरिष्ठ वन अधिकृत | प्रदेश निजामती सेवा पुरस्कार | |
| ४. | श्री अरुण गुप्ता (क.स.नं. २२५०५०) | वरिष्ठ इन्जिनियर | प्रदेश निजामती सेवा पुरस्कार | |
| ५. | श्री मनोज कुमार श्रेष्ठ (क.स.नं. १४६८५८) | कोल्ड चेन अधिकृत | प्रदेश निजामती सेवा पुरस्कार | |
| ६. | श्री शिव प्रसाद न्यौपाने (क.स.नं. १९८२९८) | अधिकृत | प्रदेश निजामती सेवा पुरस्कार | |

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** व्यवस्थापन परीक्षण निर्देशिका, २०८२ स्वीकृति गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** आ.व. २०८२/८३ को दोस्रो त्रैमासिकका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** बजेट रोक्का गर्ने।

५. **कृषि,भूमी व्यवस्था तथा सहकारी मन्त्रालय:** प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्नेगरी उक्त समितिमा पठाउने।

६. **कृषि,भूमी व्यवस्था तथा सहकारी मन्त्रालय:** जीवनाशक विषादी निरीक्षकहरुको कार्यक्षेत्र हेरफेर तथा थप गर्ने।

७. **सामाजिक विकास मन्त्रालय:** अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने विषयको प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्नेगरी उक्त समितिमा पठाउने।

८. **स्वास्थ्य मन्त्रालय:** प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन,नवीकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।